आर्थिक वर्ष २०८०/८१

# नीति तथा कार्यक्रम र बजेट २०८०

## के आई सिंह गाउँपालिका

डोटी जिल्ला

सुदरपश्चिम प्रदेश

२०८०

सभामा पेश भएको मिति: २०८०।०३।१०

सभाबाट स्विकृत भएको मिति:२०८०।०३।१०

प्रस्तुत कर्ता: लोकेन्द्र बहादुर शाही (अध्यक्ष)

गाउँ सभा सदस्य ज्यूहरु,

बिगत केही वर्ष देखि नै चल्दै आएको रुस युक्रेन युद्ध र त्यसले विश्व आर्थिक बजार र नेपालमा पारेको आर्थिक असन्तुलन, बाह्य पक्ष असन्तुलन, मूल्य अस्थिरता लगायत धेरै पक्षमा पारेको प्रभावले नेपाल समेत अछुतो रहन सकेन। जसको प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव नेपालको अर्थ व्यवस्था र यहाँको समग्र आर्थिक परिसुचकमा समेत परेको तितो यथार्थ तपाँई हामी सामु जगजाहेर नै छ। लगभग शताव्दी पछाडी नै देखा परेको यस प्रकारको आर्थिक कठिनाई र प्रतिकुलताका बीच आज यस के.आई.सिंह गाउँपालिकाको गरिमामय तेहौँ गाउँ सभामा आगामी आ.व २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु।

नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजिविकाका लागी भएका विभिन्न अग्रगामी लोकतान्त्रिक जनआन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। ती आन्दोलनहरुको नेतृत्व गर्नु हुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु, नेपाली समाजको रूपान्तरणमा उहाँहरुले पुर्याउनु भएको महान योगदानको पुन: स्मरण गर्न चाहान्छु।

मिति २०७९ बैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा आफ्नो मताधिकारको स्वतन्त्र, निश्पक्ष र सार्वभौम रुपमा प्रयोग गरी म लगायत सिङ्गो गाउँसभाको टिम लाई अभूतपूर्व विश्वास गरी निर्वाचित गराईदिनु हुने सम्पूर्ण के.आई.सिंह गाउँपालिका बासि दाजुभाई दिदिबहिनीहरु र आम मतदाताहरुमा हार्दिम आभार तथा धन्यवाद व्यक्त गर्न चाहन्छु। तपाँहरुले गर्नु भएको अभूतपूर्व माया र विश्वास लाई कतै डगमगाउन नदिई तपाँईहरुकै उन्नती, प्रगती, विकास र समृद्धिमा उपयोग गर्ने दृढ संकल्प गर्न चाहन्छु।

मिति २०८०/०३/०५ गते सुदूरपश्चिम प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयका माननीय मन्त्री श्री पृथ्वी बहादुर सिंहज्यू, उहाँको धर्म पत्नी र भाउजू धनगढी बाट बझाङ्ग जाँदै गर्दा गाडी दुर्घटनामा परि भएको असमायिक निधन प्रति गहिरो दुख प्रकट गर्दै मृतक माननीय मन्त्रीज्यू प्रति हार्दिक श्रदान्जली अर्पण गर्दछुँ। सोकाकुल परिवारजनमा गहिरो समबेदना प्रकट गर्दै घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु।

नेपालको संविधानले निर्दिष्ट गरेका मौलिक हक तथा राज्यका निर्देशक सिदान्त नीति तथा दायित्वको कार्यान्वयन गर्न तथा संघीय शासन प्रणालीलाई संस्थागत गर्न जनताको जराधार तहमा रहेर यस गाउँपालिकाले संघीय तथा प्रदेश सरकारसँग आपसी समन्वय, सहकार्य तथा सहअस्तित्व सिदान्त बमोजिम कार्य गर्दै आएको छ।

२०८०/३/१०

बै.आई.सिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बायल, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

आर्थिक तथा समाजिक रुपान्तरण, विकास, सुशासन र समृद्धिको मार्गमा यो गाउँपालिका निरन्तर अघि बढीरहेको छ। यस गाउँपालिकालाई आत्मनिर्भर र समुन्नत बनाउन कृषि, जलस्रोत, पर्यटन, जडिबुटी र साना तथा मझौला उद्योग व्यवसाय लगायतका क्षेत्रको विकास, विस्तार र सुदृढिकरण गरी समृद्ध गाउँपालिका निर्माण गर्न हामी सबै दृढ संकल्पित छौं।

गाउँ सभा सदस्य ज्यूहरु,

अव, म आर्थिक वर्ष २०७९/०८० मा घोषित नीति तथा कार्यक्रम अन्तर्गत भएका उपब्धीहरुको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु।

१. विकास तथा सुशासनका लागि कानूनी आधार तयार गर्ने सिलसिलामा आवश्यक नीति, ऐन, नियमावली, निर्देशिका, कार्यविधि, आचारसंहिता, मापदण्ड र मार्गदर्शन निर्माण भई कार्यान्वयनमा आएका छन। भने अन्य आवश्यक कार्यविधिहरु निर्माणको चरणमा रहेका छन।
२. संविधानले निर्दिष्ट गरे बमोजिमको सहकारिता, सहअस्तित्व र समन्वयको सिदान्तको आधारमा संघीय र प्रदेश सरकार सँग नीतिगत सामञ्जस्यता, कानून निर्माण, योजना तर्जुमा र समस्या समाधान गर्न हातेमालो गरिदै आईएको छ।
३. वडा नं ३ र ५ को प्रशासनिक भवनको निर्माण कार्य सम्पन्न भई दैनिक प्रयोगमा ल्याई सेवा प्रवाह गर्न थालिएको छ।
४. यस गाउँपालिकाका सबै वडा कार्यालयहरु सडक सञ्जालमा जोडीएका छन।
५. यस गाउँपालिकाको घना बस्ती भएको क्षेत्रको सडक छेउछाउमा सोलार बत्तिहरु जडान गरी उज्यालो गाउँपालिका बनाउने महाअभियान सञ्चालन गरिएको छ।
६. गाउँपालिकाको मूख्य प्रशासनिक भवन निर्माणको कार्य प्रारम्भ भएको छ।
७. सामाजिक न्याय तथा समाबेशिता कायम गर्न तथा प्राबिधिक शिक्षामा लगानी गरी प्राबिधिक जनशक्ति उत्पादन गर्न झीमे माध्यमिक विद्यालयमा कृषि जे.टी.ए पढीरहेका २२ जना विद्यार्थिहरुलाई प्रति विद्यार्थि १७ हजारका दरले छात्रबृत्ति प्रदान गरिएको छ।
८. संविधान द्धारा प्रद्धत गाउँपालिकाको न्यायिक समितिको अधिकार लाई स्थानीय तहमा संस्थागत गरी न्यायिक निरोपण र मेलमिलाप लाई प्रश्रय दिन मेलमिलापकर्ताहरुको लागि तिन दिने पुनर्ताजगि तालिमको आयोजना गरिएको छ। जसले गर्दा गाउँघरमा हुने सामान्य विवाद र लेनदेनका विषयहरुको गाउँपालिकामै टुङ्गो लागि स्वच्छ र शान्त वातावरणको सिर्जना भएको छ।

के.आई.सिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बायल, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

९. जेष्ठ नागरिकहरुको आत्मसम्मानपूर्वक बाँच्न पाउने वातावरण निर्माणमा सहयोग गर्न प्रत्येक वडा कार्यालय द्धारा हरेक वर्षको बजेट तथा नीति कार्यक्रममा जेष्ठ नागरिक सम्मान कार्यक्रमको सुनिश्चितता गरी विविध कार्यक्रम सञ्चालन गर्ने गरिएको छ ।

१०. गाउँपालिका अन्तर्गतका स्वास्थ संस्थाहरुबाट प्रदान गरिने स्वास्थ सेवालाई विशेषज्ञ, अत्याधुनिक र सर्वसुलभ बनाई स्वास्थ सेवामा सबै वर्ग र समुदायको सहज पहुँच सुनिश्चित गर्न मेडिकल अधिकृतको नियुक्ति गरि प्रत्येक वडा कार्यालयमा घुम्ती स्वास्थ्य सेवा सहित आम नागरिकहरुको स्वास्थ्य जाँच गर्ने गरिएको छ ।

११. के.आई.सिंह गाउँपालिकालाई पूर्ण तथा दिगो खोप सुनिश्चितता पालिका घोषणा गरिएको छ ।

१२. दुर्गामाण्डौं स्वास्थ्य चौकिमा फार्मेसि तथा ल्याब टेक्निसियन जस्ता स्वास्थ्य जनशक्तिहरुको भर्ना गरि स्वास्थ्य सेवालाई झन बृहद प्रभावकारी र सर्वसुलभयुक्त बनाईएको छ ।

१३. गणेशकाँडा होमस्टेको स्थापना गरि आन्तरिक तथा बाह्य प्रर्यटहरुको आकर्षणको प्रमुख केन्द्रको रुपमा अघि बढाईएको छ ।

१४. संस्थागत विकास तथा सुशासन प्रबर्दन गर्न डोटी जिल्लाकै नमुना गाउँपालिकाको रुपमा प्रत्येक वडा कार्यालय र गाउँपालिकामा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिएको छ ।

१५. बाह्य रुपमा यस पालिकाको मूल्याँकन हुने केहि सूचकहरु जस्तै बेरुजूको अवस्था, कार्य सम्पादनमा आधारित वित्तिय समानीकरण अनुदान, LISA; FRAP आदि सूचकहरु सकारात्मक भई डोटि जिल्ला र सुदूरपश्चिम प्रदेशकै उत्कृष्ट गाउँपालिकाको रुपमा कहलिएका छौं ।

१६. दलित सँग अध्यक्ष कार्यक्रम अन्तर्गत दलित समुदायका युवाहरुलाई सरकारी जागिरको पहुँचमा सहजिकरणको लागि शिक्षक सेवा तथा लोकसेवा आयोगका निशुल्क कक्षा संचालन गर्न गाउँपालिकाले आर्थिक दायित्व निर्वाह गरिं असल एवं जिल्लामै नमुना कार्यक्रमको सुरुवात गरेको छ ।

१७. लघु उद्यम विकास कार्यक्रम अन्तर्गत बिभिन्न वडा कार्यालयहरुमा सिलाई कटाई तालिम तथा स्थानीय सामग्रीको प्रयोग गरी अचार बनाउने तालिम प्रदान गरी स्थानीय उद्यमसिलता तथा गरिबि निवारणमा टेवा पुगेको छ ।

गाउँ सभा सदस्य ज्यूहरु,

के.आई.सिंह गाउँपालिकाको गरिमामय गाउँ सभालाई सम्बोधन गर्दै आ.व. २०८०/०८१ को *वार्षिक नीति तथा कार्यक्रम* प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु।

खुला समाज, पूर्ण लोकतान्त्रिक प्रणालिको अवलम्बन,सामाजिक न्याय र समाबेशिता, कानुनको पुर्ण पालना, पारदर्शिता, जनता प्रतिको पूर्ण जवाफदेहिता, ईमान्दारिता, प्रतिबद्धता र सुशासन यस *सरकारका आदर्श* मूल्य मान्यताको रुपमा हुनेछन्।

विकास विना जनताका ईच्छा र आकाँक्षा पुरा हुन सक्दैनन। त्यसैले दिगो विकास गर्नको लागि यस सरकार सँग भएको आन्तरिक श्रोत तथा संघीय र प्रदेश सरकारबाट प्राप्त हुने सबै प्रकारका वित्तिय श्रोतसाधनहरुको मितव्ययी र दिगो प्रतिफल प्राप्त हुने गरी विनियोजन गरी नागरिकका आर्थिक तथा सामाजिक परिसूकहरुमा अभिबृद्धि ल्याउने यस सरकारको प्रमुख ध्येय हुनेछ। तथ्य, तर्क र कानूनका आधारमा नागरिकका जायज मागहरुलाई सुन्ने र पुरा गर्ने काम हुनेछ। यस सरकारले लोकप्रियताका लागि नभएर, नागरिकका लागि राम्रा काम गरेर लोकप्रिय हुने निति लिएको छ।

सोचः

"आर्थिक सामाजिक विकासको प्रतिबद्धताः कृषि र उद्योगमा आवद्धता" भन्ने मुल नाराका साथ के.आई.सिंह गाउँपालिकालाई सर्वाङ्गिण विकासको गतिमा अगाडी बढाईने छ।

लक्ष्यः

कृषि क्षेत्रको आधुनिकिकरण र व्यावसायिकरण, रुग्ण,साना तथा मझौला उद्योगको स्थापना र खानी, खनिज तथा जडिबुटीको उपयोग र विकास मार्फत आर्थिक बृद्धि गरि मानव विकासमा टेवा पुर्याईने छ।

उद्देश्य :

(क) कृषि पकेट क्षेत्र तथा साना उद्योगहरुको पहिचान र विकास गरि कृषि क्षेत्रलाई आधुनिक र व्यावसायिक बनाईने छ।

ख) यस गाउँपालिकामा भएका ऐतिहाँसिक तथा पुरातात्विक सम्पदाहरुको प्रचारप्रसार गरि आन्तरिक तथा बाह्य पर्यटक प्रवर्दन मार्फत आर्थिक बृद्धि र विकास हाँसिल गरिनेछ।

ग) बन, वातावरण तथा जैविक विविधताको संरक्षण गरि वातावरणमैत्री विकासको मान्यतालाई अघि बढाईने छ।

घ) सार्वजनिक सेवा प्रवाहलाई चुस्त, छरितो र प्रविधिमैत्री बनाई गुणस्तरिय र प्रभावकारी सेवा मार्फत जनताको विकासमा स्वामित्व बढाईनेछ।

ङ) फोहोरमैला व्यवस्थापन तथा पछिल्लो समयमा बढ्दै गएको प्लायस्टिकजन्य फोहोरमैला व्यवस्थापनको उपयुक्त व्यवस्था गरिनेछ ।

च) संघीय तथा प्रदेश सरकार र अन्य नियमनकारी निकायहरु सँगको आपसि सहयोग, समन्वय र सहकार्यलाई झन प्रभावकारी बनाईने छ ।

अब म विषयगत क्षेत्रसँग सम्बन्धित नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## आर्थिक विकास सम्बन्धी नीति

कृषिः

१. के.आई.सिंह गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउने कार्यक्रम संचालन गरिनेछ । जसका लागि देहायका कार्यक्रमहरु संचालन गरिने छ ।
   - क. कृषकहरुलाई आवश्यक पर्ने बिउ र मलको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ ।
   - ख. कृषि उद्यम गर्न चाहने व्यक्तिहरुलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन वित्तिय संस्थाहरु सँग आवश्यक सहकार्य र समन्वय गरिनेछ ।
   - ग. एक वडा एक उत्पादन कार्यक्रम संचालन गरिनेछ ।
   - घ. कृषिलाई आर्थिक वृद्धि र रोजगारीको प्रमुख सम्बाहकको रुपमा विकास गरिनेछ ।

२. बाझो जमिनमा उत्पादन हुने बालीहरुको पहिचान गरि सम्भावित क्षेत्रहरुमा फलफूल तथा नगदेबाली,मसलाबाली र दलहन खेतिलाई प्राथमिकतामा राखि कार्यक्रम तय गर्ने नीति लिईनेछ ।

३. एक जनप्रतिनिधि पाँच फलफूलको बिरुवा उत्पादनको नीति अबलम्वन गरिनेछ ।

४. लोपोन्मुख तथा रैथाने बाली संरक्षण ,सम्बर्द्धन तथा प्रवर्द्धन कार्यमा जोड दिने, यसका लागि ग्रामिण स्तरमा बिउ बैंकको स्थापना गर्न आवश्यक नीति तय गरिनेछ ।

५. सुख्खा क्षेत्रमा रिचार्ज पोखरीको अवधारणा लागु गरिनेछ । वर्षातको पानी संकलनका लागि थोपा सिचाई, सिमेन्ट पोखरी र प्लाष्टीक पोखरी निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

६. के.आई.सिंह गाउँपालिका भित्रका उत्कृष्ट कृषकहरुलाई पुरस्कार तथा प्रोत्साहान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७. गरिब तथा विपन्न परिवारहरुलाई पहिचान गरि तरकारी खेतीमा अनुदान दिने नीति लिईनेछ ।

८. विपन्न परिवारहरुका लागि आयआर्जनमुलक क्रियाकलाप संचालन गर्न विपन्न नागरिक सँग गाउँपालिका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

९. स्थानीय उत्पादनको बजारीकरण अन्तर्गत **आली देखि थाली** सम्मको नीति अबम्वन गरिनेछ ।

१०.बालि बिमा कार्यक्रमलाई संचालनमा ल्याईनेछ । उक्त कार्यक्रम अन्तर्गत प्रिमियमको ५०% अनुदान के.आई. सिंह गाउँपालिकाले व्यवस्थापन गर्ने छ ।

११.बालीनालीमा लाग्ने रोग किराको प्रकोप व्यवस्थापन गर्न बाली संरक्षण कार्यक्रम संचालन गरिनेछ ।

पशुपन्छीः

१. समूह, सहकारी मार्फत व्यवसायीक पशुपन्छी पालन कार्यक्रमलाई बढावा दिईनेछ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

२. पशु पन्छी सम्बन्धी बिमा कार्यक्रमलाई प्राथमिकतामा राखि यसका लागि आवश्यक बजेटको व्यवस्था गर्ने नीति ल्याईनेछ ।

३. कृत्रिम गर्भाधान तथा नश्ल सुधार कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक नीति अवलम्बन गरिनेछ ।

४. गाउँपालिका स्तरीय *घुम्ती पशु स्वास्थ्य शिविर* सञ्चालन गर्न आवश्यक कार्यक्रम तय गरिनेछ ।

५. सहुलियत दरमा किसानहरुलाई आवश्यकता अनुसार औषधी उपलब्ध गराउने उद्बेश्यले सबै वडाहरुमा औषधी खरिदका लागि स्थापना भएका अक्षय कोषमा दिईंदै आएको बजेटलाई निरन्तरता दिईनेछ ।

६. विगत केहि समय देखि महामारीका रुपमा पशुमा देखा परेको लम्पी स्किन रोग नियन्त्रणका र अन्य पशुजन्य रोगहरुको निदान तथा उपचारका लागि पशु प्राविधिकहरुको परिचालन, पशु विज्ञ सहितको घुम्ती शिविर संचालन गर्ने नीति अवलम्वन गरिनेछ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

७. गाउँपालिकालाई दुग्ध र मासुमा आत्मनिर्भर बनाउनका लागि आवश्यक कार्यक्रम संचालन गर्ने र त्यसको दिगोपनाको सुनिश्चित्ता गरिने नीति अवलम्बन गरिनेछ ।

८. व्यवसायिक रुपमा पशुपालन गर्ने कृषकहरुलाई घास खेती गर्न प्रोत्साहान गरिनेछ ।

९. मत्स्य पालन व्यवसायीलाई पोत्साहान गर्ने नीति अवलम्वन गरिनेछ ।

सहकारीः

१. **गाउँ गाउँमा सहकारी, घर घरमा रोजगारी** भन्ने नारालाई सार्थकता प्रदान गर्न स्थानीय सहकारी ऐन मार्फत र स्थानीय तहमा हस्तान्तरण भईसकेका सहकारी संस्थाहरु,दर्ता हुन आउने संस्थाहरुको संचालन,नविकरण,नियमन र खारेजी गर्ने नीति लिईनेछ ।

२. महिला,गरिब,अपाङ्ग,सिमान्तकृत,भूमिहिन,दलित र पिछडीएका वर्ग र श्रमिकहरुका साथै आम नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पहुँच अभिवृद्धि गरिनेछ ।

३. कृषकहरुलाई बिउबिजन,रसायनिक मल लगायतका कृषिसँग सम्बन्धित साम्रागीहरु वितरण गर्न सहकारीसँग समन्वय गर्ने नीति लिईनेछ ।

४. दशैं तिहार जस्ता चाडपर्वका वेला सहुलियत दरमा उपलब्ध गराउँदै आएको नुन, चिनी वितरणलाई अझै व्यवस्थित गर्दै निरन्तरता दिईनेछ ।

उद्योगः

१. के.आई.सिंह गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेका मझौला, घरेलु तथा साना *उद्योगहरुको विवरण अद्यावधिक* गरी उक्त उद्योग व्यवसायको अधिकृत पूँजी, स्वरुप, प्रकृति, क्षेत्रका आधारमा वर्गीकरण गर्ने तथा सञ्चालन र नियमनका लागि आवश्यक नीति अवलम्बन गरिनेछ ।

२. के.आई.सिंह गाउँपालिका भित्र घरेलु तथा साना उद्योगको विस्तार गरिनेछ । स्थानीय सीप, स्रोत र साधनलाई प्रयोग गरी अल्लो, ढाका, बास, निगालो, तथा कपास जस्ता उत्पादन गर्ने लक्षित वर्गलाई अनुदानको व्यवस्था गरिनेछ ।

**रोजगार प्रवर्द्धनः**

१. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सिपयुक्त दक्ष जनशक्ती,रोजगारीको क्षेत्र र रोजगार सम्बन्धी अन्य कार्यक्रम सँग आवद्ध गरी यथार्थ उत्पादनमुलक रोगजारी सिर्जना गर्ने बेरोजगार लक्षित अभियानको रुपमा कार्यान्वयन गरिनेछ ।

२. युवा लक्षित स्वरोजगार कार्यक्रमलाई प्रोत्साहन गरी स्थानीय उद्यमशिलतालाई जोड दिने कार्यक्रमहरुलाई मुख्य प्राथमिकतामा राखिनेछ ।

३. वैदेशिक रोजगारीको अनुभव प्राप्त गरी स्वदेश फर्केका मानव संशाधनलाई स्वरोजगारमूलक, आयमूलक तथा उत्पादनमूलक उद्योग, सेवा तथा व्यवसायमा आकर्षित गरिनेछ ।

४. वेरोजगार र विपन्न नागरिकहरुलाई सिपमुलक तालिम दिनका लागि विभिन्न सरोकारबाला निकायहरुसँग समन्वय गरि साझेदारीमा आधारित विभिन्न सिपमुलक तालिमहरु सञ्चालनको लागि आवश्यक पहल गर्ने नीति लिईनेछ ।

५. गाउँपालिकाबाट स्वीकृति प्राप्त गरी विभिन्न क्षेत्रहरुमा सीप तथा क्षमतामूलक कार्यक्रमहरु सञ्चालन गर्ने प्रस्तावना पेश भएको खण्डमा उक्त कार्यक्रम सञ्चालन गरिने क्षेत्रहरुसँग समन्वय गरेर दोहोरोपन नआउने गरी क्षेत्र निर्धारण गरिनेछ ।

६. वैदेशिक रोजगारबाट आर्जित पूँजी, सीप, अनुभवको प्रयोग गरी स्वदेशमा उद्यमशीलता प्रवर्द्धन क्षेत्रमा लगानी गरी योगदान दिने उद्यमीलाई प्रोत्साहित गरिनेछ । साथै के.आई.सिंह गाउँपालिकालाई मर्यादित र अनुशासित बनाउन युवाहरुलाई स्वयंम सेवकको रुपमा खटाईनेछ ।

७. दक्ष तथा सक्षम जनशक्तिको विकास गरि आन्तरिक रोजगारिको प्रवर्द्धन गर्न आवश्यक सीपमुलक तालिमको पहिचान गरि बेरोजगार व्यक्तिलाई तालिम प्रदान गराइ स्वरोजगार बनाउन केही रकम अनुदानको रुपमा दिइनेछ।

८. ***" जग्गा नराखौ बाँझो, हाम्रै हातमा छ उत्पादनको साँचो "*** स्वावलम्बन अभियानलाई निरन्तरता दिई बेरोजगार युवाहरुलाई दैनिक ज्यालाको रुपमा काम गराइ खाद्यान्न उत्पादन तथा बजार व्यवस्थापन गरिने छ ।

९. आन्तरिक रोजगारि सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैहसहकारी क्षेत्रसंग समन्वय र सहकार्यमा जोड दिइनेछ।

१०.युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखि स्वरोजगारमुलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

११.कामको सम्मान, स्वरोजगार, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षणसहितको श्रम व्यवस्थापन यस गाउँपालिकाको नीति हुनेछ ।

२०८१/३/१०

१२.**रोजगार सम्वाद मञ्च कार्यविधि २०८०"** तयार पारी स्थानिय तहमा रहेका रोजगारीका अवसर तथा सम्भावनाहरुको पहिचान गरी आन्तरिक रोजगारीलाई प्रोत्साहन गरिनेछ ।

१३.**पञ्चबर्षिय रोजगार रणनीति** (२०८०/०८१-२०८४/०८५) तयार पारी सिप विकास, उद्यमशिलता, आन्तरिक तथा बैदेशिक रोजगारी सम्बन्धी कार्य अगाडी बढाइनेछ ।

१४.के.आई.सिहं गाउँपालिका स्थायी ठेगाना भई वैदेशिक रोजगारीमा रहेका नागरिकहरुको तथ्याङ्क संकलन गरिनेछ ।

**गरिबी न्युनीकरणः**

१. सामाजिक, आर्थिक र राजनितिक रुपमा पछाडि परेका दलित समुदायहरुको शिक्षा, स्वास्थ्य जस्ता आधारभुत आवश्कताहरु र आयआर्जनको सुनिश्चित्ता गर्न **दलितसँग अध्यक्ष कार्यक्रम** लाई निरन्तरता दिइएको छ। दलित सँग अध्यक्ष कार्यक्रम अन्तर्गत लोकसेवा/ शिक्षक सेवाका तयारी कक्षा, अति विपन्न सुकुम्बासी दलित समुदायको कम्तिमा प्रत्येक वडामा १घर निर्माणका लागि बजेटको व्यवस्था गरिनेछ साथै उक्त घर निर्माणका लागि ७० प्रतिशत रकम गाउँपालिकाबाट र बाकिँ ३० प्रतिशत रकम सम्वन्धित उपभोक्ताले व्यहोर्ने व्यवस्था मिलाईनेछ ।

२. गरिबी निवारण तथा सामुदायिक विकासमा संलग्न गैरसरकारी संस्था तथा वैदेशिक सहयोगलाई एकद्वार प्रणाली मार्फत गरिबी घटेको परिणाम देखिने कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।

३. विशेष गरेर गरिव र संकटग्रस्त अवस्थामा रहेका महिलाहरु र पुरुषहरुको आर्थिक श्रोतसाधनमा समान अधिकार सुनिश्चित गर्न आधारभूत सेवा सुविधाहरुमा पहुँच, भूमि माथिको स्वामित्व र नियन्त्रण एवं अन्य स्वरुपका सम्पत्ती, पैत्रिक सम्पत्ति, प्राकृतिक श्रोतसाधन, उपयुक्त नयाँ प्रबिधि तथा लघु वित्त लगायतका वित्तिय सेवामा पहुँच सुनिश्चित गर्ने नीति लिईनेछ ।

४. यस के.आई.सिंह गाउँपालिका भित्र रहेका सुकुम्बासी परिवारहरुको लागत तथा तथ्याङ्क संकलन गरी आवश्यक पर्ने जग्गा उपलब्ध गराउने नीति लिईनेछ ।

५. यस गाउँपालिकाले आ.व २०८०/०८१ को बजेट तथा नीति कार्यक्रम तयार गर्दा प्रत्यक्ष रुपमा रोजगारी सिर्जना हुने र गरिवि निवारणमा टेवा पुग्ने खालका विकास योजनाहरुको प्राथमिकिकरण तथा छनौट गर्नेछ ।

**पर्यटनः**

१. पर्यटकीय गन्तव्य स्थलको रुपमा पहिचान गरिएका ठाउँहरुमा पूर्वाधार निर्माण गरी पर्यटन व्यवसायमा लगानी गर्न सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । यसका लागि पर्यटन व्यवसायी र युवाहरुलाई पर्यटन उद्योगमा आकर्षित गर्न आवश्यक तालिम संचालन गर्ने नीति लिईनेछ ।

२. के.आई.सिंह गाउँपालिकामा रहेका ऐतिहासिक तथा पर्यटकीय क्षेत्रहरु (छत्रेश्वर-पिलेकाँडा-ओझाखर्क-गणेश काँडा-के.आई.सिंह संग्रहालय) जोड्ने पदमार्ग र छत्रेश्वर पिकनिक स्थललाई थप व्यवस्थित गरी वि.पि. बाटिकाको रुपमा व्यवस्थित गरिनेछ ।

३. यस गाउँपालिका लाई प्रर्यटकिय गन्तव्यको रुपमा विकास गर्न यहाँ भएका पर्यटकिय स्थल, सम्पदा, सँस्कृति आदिको प्रचारप्रसार गरिनेछ ।

४. डोटी जिल्लाका ऐतिहाँसिक, साँस्कृतिक र पुरातात्विक महत्व बोकेका सम्पदाहरुको खोज, अनुसन्धान र संकलन गरि के.आई. सिंह संग्रहालय लाई आगामी आर्थिक वर्षमा सञ्चालनमा ल्याईने छ।

५. के.आई.सिहं गाउँपालिका, दिपायल सिलगढी नगरपालिका र शिखर नगरपालिकासँगको समन्वयमा सेती नदिमा रयाफटीङ्गका लागि सम्भाव्यता अध्ययन गरि रयाफटिङ्ग सेवा संचालन गर्ने निति लिइनेछ।

६. आन्तरिक एवंम बाह्य पर्यटन प्रवर्द्धनका लागि यस गाउँपालिकाको वडा नं १ गणेशकाँडामा होमस्टे संचालन गर्नका लागि भवन निर्माणको कार्य सम्पन्न भैसकेको छ। साथै आगामि आ.व. मा यसको संचालन र व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ।

७. ऐतिहाँसिक तथा पुरातात्विक सम्पदाहरुको निर्माण तथा पून:निर्माण र संरक्षका लागि मौलिक पहिचानलाई जोड दिन विशेष कार्यविधि बनाई लागु गरिनेछ।

राजश्वः

१. कर डर होईन गाउँ विकासको भर हो भन्ने तथ्यलाई आत्मसाथ गर्दै गाउँपालिकाको मेरुदण्डको रुपमा रहेको राजश्व वृद्धि गर्न करका दरमा वृद्धि गर्नु भन्दा कराधारमा वृद्धि गर्ने नीति लिईनेछ।

२. गाउँपालिका क्षेत्रमा करको दायरालाई फराकिलो पार्न यस क्षेत्रमा स्थापना भएका सम्पूर्ण उद्योग तथा व्यावसायहरुलाई दर्ता गरि करको दायरामा ल्याईने छ।

३. राजश्वका दर, दायरा, संकलन विधि र राजश्वको सदुपयोग वारे आम सर्वसाधारणहरुमा जनचेतना अभिबृद्धि गर्न आवश्यक सचेतनामूलक कार्यक्रम सञ्चलान गरिनेछ।

४. राजश्व संकलन कार्यलाई थप सुदृढिकरण र आधुनिकिकरण गर्दै राजश्व चुहावट लाई पूर्णरुपले नियन्त्रण गरिने छ। साथै आगामी आर्थिक वर्ष भुमिकर अर्थात मालपोत संकलन कार्यलाई वडा स्तरबाटै संचालन गर्न आवश्यक राजश्व सफ्टवेयर खरिद गरि वडा कार्यालय लाई प्रदान गरिने छ।

५. राजश्व शाखाको संस्थागत सबलिकरण र आधुनिकिकरण गरिनेछ साथै यस शाखामा कार्यरत जनशक्तिको क्षमता विकासको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

६. आन्तरिक राजश्वको क्षमता अभिबृद्धि गर्न नागरिक समाज, बन उपभोक्ता समिति, तथा यस गाउँपालिकाको क्षेत्र भित्र पर्ने बन. खानी तथा खनिज तथा नदिजन्य पदार्थहरुको निश्चित मापदण्ड र कार्यविधी तर्जुमा गरि राजश्व संकलन गर्ने नीति लिईने छ।

न्यायीक समिति एवंम न्याय सम्पादनः

१. मेलमिलापको माध्यमबाट स्थानीय विवादका विषयहरु निरुपण गर्ने प्रक्रियालाई बढावा दिइनेछ।

२. न्यायिक इजलासलाई व्यवस्थित गर्न एक कर्मचारी सहितको न्यायिक इजलास कक्ष गठन गर्दै स्थानीय तहमा न्यायसम्पादनलाई चुस्त, दुरुस्त र अनुमानयोग्य तुल्याउन आवश्यक रणनीति, कार्यनीति अवलम्बन गरिनेछ।

३. मेलमिलापकर्ताहरु लाई सूचिकृत गरि प्रत्येक वडा कार्यालयमा मेलमिलाप केन्द्रको स्थापना र सञ्चालन गरिनेछ।

४. न्यायिक समितिको संस्थागत सुदृढीकरण र न्यायिक समितिमा कार्यरत पदाधिकारी तथा जनशक्तिको क्षमता विकासको लागि आवश्यक नीतिको प्रबन्ध र पुर्नताजगि तालिमको सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

**पूर्वाधार विकासः**

१. मुरेडा-अल्लेवन-लोली-घाटलाय हुदै नारीदाङ जोडने सडक, देउरडी देखि बागनेटे सडक र खड्लेक देखि संग्राहालय हुदै महादेव जोडने सडक स्तरोन्नती गर्ने निति लिइनेछ।

२. सडकलाई निरन्तर सञ्चालन गर्नका लागि पानीका ढल तथा नाली व्यवस्थापन गरिनेछ साथै प्रत्येक वडाहरुमा रहेका मोटरबाटोहरुलाई क्रमिक रुपमा स्तरोन्नति गरिनेछ।

३. गाउँपालिका क्षेत्रमा रहेका सडकलाई वर्षैभरी सञ्चालन गर्नका लागि सडक मर्मत सम्भार समूह (Road Maintenance Group) परिचालन गरी सडक मर्मत तथा स्तरोन्नति गरिनेछ।

४. के.आई.सिंह गाउँपालिका भित्र रहेका सार्वजनिक सम्पतिहरुको संरक्षण एवम सम्बर्दनका लागि मर्मत सम्भार कोषको स्थापना गरिनेछ।

५. चालु आ.ब. २०७९।०८० मा सम्पन्न हुन नसकेका र क्रमागत योजना तथा कार्यक्रमहरुलाइ बजेटमा समेट्ने निति लिइनेछ।

६. आ.व. २०८०।०८१ मा के.आई.सिहं गाउँपालिकाको सबै वडाहरुलाई विधुतिकरण गरिसकिनेछ। यसका लागि सम्बन्धि निकाय सँगको समन्वय र सहकार्यमा आवश्यक बजेटको व्यवस्था गरिनेछ।

**सूचना तथा संचार प्रविधिः**

१. डिजिटल के.आई.सिंह गाउँपालिकाको अभियानलाई साकार तुल्याउन प्रत्येक वडाहरुमा जडान गरिएको इन्टरनेट सेवाको दिगोपनालाई प्राथमिकतामा राखिनेछ।

२. के.आई.सिंह गाउँपालिकामा सर्भरको विकासका लागि सम्भाव्यता अध्ययन गरी यथासक्य प्रयोगमा ल्याइनेछ।

३. शैक्षिक क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिलाई समायोजन गदैं तालिम तथा शैक्षिक गुणस्तर अभिवृद्धिको लागि विशेष कार्यक्रमहरु तर्जुमा गरी लागू गरिनेछ।

४. निजी क्षेत्र समेतको सहभागितामा Group SMS, IPT Software, मोबाइल एप, दर्ता चलानी सम्बन्धी सफ्टवेयरहरुको निर्माण गरी कार्यालयमा सञ्चालनमा ल्याई नविनतम सुचना प्रविधि प्रयोगमा ल्याइनेछ।

५. हस्तलिखित दस्ताबेजहरुको स्थानमा कम्प्युटराइज्ड कागजातहरुको मात्र प्रयोग गरिनेछ।

६. डिजिटल नोटिस बोर्ड, LED नोटिस बोर्डको प्रयोगमा जोड दिई गाउँपालिकामा भइरहेका विभिन्न गतिविधिहरु निरन्तर अद्यावधिक गरिनेछ।

०८०/२/१४

७. डोटि जिल्ला भित्रका स्थानीय संचार माध्यमहरुको समता मुलक एवंम संस्थागत विकासका लागि स्थानीय संचार माध्यम प्रवर्द्धन कार्यक्रम कार्यान्वयनको लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

**खानेपानी व्यवस्थापनः**

१. गाउँपालिका भरी स्वच्छ, सफा खानेपानीको व्यवस्था गर्न *एक घर, एक धारा* खानेपानी नीति अवलम्बन गरिनेछ ।

२. खानेपानी आयोजनाहरु सञ्चालन गर्दा विगतमा सुरु गरिएका क्रमागत आयोजनाहरुलाई प्राथमिकता राख्दै थप सम्भावना र आवश्यकतालाई मध्यनजर गरी कार्यक्रम तर्जूमा गरिनेछ ।

३. ऐतिहाँसिक र धार्मिक महत्व बोकेका पुराना ढुङ्गे धाराको जगेर्ना र संरक्षण गर्न ढुङ्गेधारा संरक्षण कार्यक्रम संचालन गरिनेछ ।

४. निर्माण भइ सन्चालनमा रहेका खानेपानी आयोजनाहरुको संरक्षण र सम्बर्द्धन गर्नुका साथै नयाँ पानिका मूलहरुको पहिचान गरि कार्यान्वयनमा ल्याइने निति अवबलम्बन गरिनेछ । खानेपानीका मूलहरुको संरक्षणका लागि वृक्षारोपण र Recharge पोखरीहरु निर्माण गर्ने कार्यक्रम ल्याइनेछ ।

५. गाउँपालिकामा निर्माण हुने खानेपानीका संरचनाहरु बालमैत्री र अपांगतामैत्री बनाउदै लगिनेछ ।

**सार्वजनीक सहकारी निजी साझेदारीः**

१. के.आई.सिंह गाउँपालिकाले आ.व. २०८०/०८१ मा विभिन्न विषय ,क्षेत्रगत कार्यक्रमहरु सञ्चालन गर्दा सहकारी र निजी, गैर सरकारी तथा अन्य गाउँपालिका वा स्थानीय सरकार सँग आवश्यक समन्वय र साझेदारी गर्न सक्नेछ ।

२. यस गाउँपालिका भित्र स्थापना भई संचालनमा रहेका बैंक, लघु वित्त तथा सहकारी संस्थाहरु सँग आवश्यक समन्वय गरि आफ्नो लाभबाट प्राप्त रकमको केहि अंश तथा कर्जा प्रवाहलाई कृषि, उद्योग, पर्यटन लगायतका उत्पादनमुलक क्षेत्रमा प्रवाह गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ ।

**भवन तथा भवन संहिताः**

१. के.आई.सिंह गाउँपालिकामा नयाँ निर्माण हुने भवनहरु भवन आचार संहिता मापदण्ड पुरा गरी गाउँपालिकाबाट अनुमति लिएर निर्माण गर्नु पर्नेछ । अन्यथा के.आई.सिंह गाउँपालिकाबाट उपलब्ध गराइने भवन पूर्वाधार सम्बन्धी सेवा सुविधाबाट बञ्चित गराइनेछ ।

२. के.आई.सिंह गाउँपालिकाबाट स्वच्छ, हराभरा, स्वस्थ्य तथा दीगो शहरी विकासको लागि भवन निर्माण मापदण्ड लागु गरिनेछ ।

३. भूकम्पको जोखिमलाई मध्यनजर गरी नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको वस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन - २०७२ लाई सार्वजनिक भवनहरुमा अनिवार्य लागु गरिनेछ भने नीजी भवनहरुमा क्रमिक रुपमा लागु गरिनेछ ।

**भू – उपयोगः**

१. जमिनको स्वरुप, प्रकृति तथा जलवायुको आधारमा वर्गीकरण गरी भू-उपयोगको वैज्ञानिक नीति अवलम्बन गरिनेछ।

२. के.आई.सिंह गाउँपालिकाले समग्र भूमिलाई आधारभूत रुपमा कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, धार्मिक वन क्षेत्र, साँस्कृतिक तथा पुरातात्विक क्षेत्र, पर्यटन क्षेत्र, नदी तथा तालतलैया क्षेत्र, वन क्षेत्र, सार्वजनिक उपयोग तथा खुला क्षेत्र, निर्माण सामाग्री (ढुंङगा, बालुवा गिट्टी) उत्खनन क्षेत्र लगायतका विभिन्न भू-उपयोगका क्षेत्रहरु (Land Use Zone) मा वर्गीकरण गरिनेछ।

३. कृषियोग्य भूमिको गैर कृषि प्रयोग, कृषि भूमिलाई बाँझो राख्ने प्रवृति र अनियन्त्रित खण्डिकरणलाई निरुत्साहित गर्दै कृषियोग्य भूमिको समुचित उपयोग एवम् संरक्षण सुनिश्चित गरिनेछ।

४. स्वच्छ, सुन्दर, सुविधा सम्पन्न तथा सुरक्षित बस्ती विकास र योजनावद्ध एवं दिगो शहरीकरण सुनिश्चित गरिनेछ।

५. वन तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण एवम् समुचित उपयोग सुनिश्चित गरिनेछ।

६. भू- उपयोग योजना सम्बन्धी सूचना विकास गरिनेछ।

**वन,वातावरण तथा विपद व्यवस्थापनः**

वनः

१. के.आई.सिंह गाउँपालिकामा रहेका पर्यटकीय क्षेत्रलाई संरक्षण र संबर्द्धन कार्यक्रम संचालन गरी पर्यटकीय गन्तव्य क्षेत्रको रुपमा विकास गरिनेछ।

२. के.आई.सिंह गाउँपालकाको क्षेत्रभित्र पर्ने तुस्यार खोला देखि गाउँपालिका सम्म निर्माणाधिन सडकको दाँयाबाँया करिब १००० विरुवाहरु रोप्न **हरित सडकको अवधारणालाई** निरन्तरता दिईनेछ। यसका लागि सम्वन्धित क्षेत्रमा पर्ने सामुदायीक वनहरुको सहयोग र परिचालनमा जोड दिईनेछ।

३. के.आई.सिंह गाउँपालिकाको समृद्धिको लागि वन जंगलको सदुपयोग गर्ने नीति अगाडि बढाइनेछ। वैज्ञानिक वन व्यवस्थापनको कार्यक्रम अन्तर्गत वनजन्य पदार्थ उत्पादन र सदुपयोग गर्ने कार्यक्रम अघि बढाइनेछ।

४. वृक्षारोपण कार्यक्रमलाई उत्पादन सँग जोडिने छ। यसका लागि रिठ्ठा, आपँ, निगालो,बास जस्ता वन पैदावरहरु संरक्षणका लागि कार्यक्रम संचालन गरिनेछ।

५. के.आई.सिंह गाउँपालिकाभित्र जडिबुटी लगायतका वन पैदावरमा आधारित उद्योग स्थापना गरिनेछ। यस्ता उद्योगमा सरकारी, निजी, सहकारी र समुदायिक साझेदारी रहनेछ।

६. विकासात्मक गतिविधिहरु सञ्चालन गर्दा सडक क्षेत्रहरुमा वृक्षरोपण अभियानलाई लागु गरिनेछ।

७. सार्वजनिक निर्माणका कार्यहरुलाई दिगो विकास सँग आवद्ध गरि हरित निर्माण र हरित गाउँपालिकाको अवधारणा कार्यान्वयनमा ल्याईनेछ।

८. जडीबुटीको व्यवसायीक खेतिको सम्भाव्यता अध्ययन गरी यस गाउँपालिका क्षेत्र भित्र पर्ने औषधियुक्त जडीबुटीहरुको पहिचान गरि तिनको संरक्षणमा विशेष जोड दिईनेछ।

९. वन्यजन्तु शिकारका गतिविधिहरुलाई कडा निगरानी राखी कानूनी कारबाहीको दायरामा ल्याइनेछ।

वातावरणः

१०.के.आई.सिंह गाउँपालिका भित्र वातावरण संरक्षण र सन्तुलनको लागि एक घर पाँच विरुवा रोप्ने कार्यक्रमलाई अनिवार्य गरिनेछ। सबैभन्दा बढी विरुवा रोप्ने र हुर्काउने घर परिवारलाई विशेष सम्मान र पुरस्कार प्रदान गरिनेछ।

११.जलवायु परिवर्तनमा पारिस्थितीकीय प्रणाली, स्थानीय जनता र जीविकोपार्जनमा पर्न सक्ने प्रभावलाई कम गर्न न्यूनीकरण तथा अनुकूलनका कार्यक्रम सञ्चालन गरिनेछ।

जलाधार संरक्षणः

१. स्वच्छ खानेपानीको मुहानहरु पहिचान तथा खोजी गरी पानीका मुहानहरुको संरक्षण गरिनेछ।

२. एक टोल एक पोखरीको अवधारणालाई क्रमिक रुपमा लागु गरिदै लगिनेछ।

३. पानीका मुहान वरिपरी वृक्षारोपण र सरसफाई अभियान संचालन गरिनेछ।

४. पानीका मुहानहरुमा विषादिको प्रयोग गर्ने र पानीका श्रोतहरुमा अव्यवस्थित रुपमा फोहर फाल्ने प्रबृत्तिलाई निरुत्साहित गरिनेछ।

५. पानीका मुहान संरक्षणका लागि व्यापक रुपमा जनपरिचालन गरी संरक्षणको निति अवलम्बन गरिनेछ।

६. गाउँपालिका तथा अन्य वडा कार्यालयमा विगत आर्थिक वर्षहरुमा संघ प्रदेश तथा स्थानीय तहको आर्थिक सहयोग र लगानीमा निर्माण भएका खानेपानी योजनाहरुको मर्मत संभारको लागि एक मर्मत संभार कोषको स्थापना गरि आवश्यक बजेट विनियोजन गरिने छ।

फोहोरमैला व्यवस्थापनः

७. फोहोरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र(Transfer Station), ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, कम्पोष्ट प्लाण्ट, लगायत फोहोरमैलाको संकलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

८. फोहोरमैलाको उत्पादनमा कमी ल्याउने, फोहोरमैलाको पृथकीकरण गर्ने, फोहोरमैला निष्काशन, फोहोरमैला संकलन, फोहोरमैला ढुवानी, फोहोरमैलाको न्यूनीकरण, पुनः प्रयोग, पुनः चक्रण गर्न आवश्यक कार्यक्रम तय गरिनेछ।

९. गाउँपालिका, स्वास्थ्य चौकि र वडा कार्यालयहरु बाट निस्कने फोहरमैलाको उपयुक्त स्थानमा भण्डारण, वर्गिकरण र विसर्जनको व्यवस्था गरिने छ।

१०. गाउँपालिका क्षेत्रभित्र प्लास्टिकका झोलाको प्रयोगलाई न्यूनिकरण गर्न पुन प्रयोगमा ल्याउन सकिने जस्तैः बोरा, जुट कागज लगायत स्थानीय सामग्रीहरुको उत्पादन गर्ने संस्था अथवा व्यक्ति लाई अनुदान दिने नीति अवलम्बन गरिनेछ।

के.आई.सिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बायल, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७४

११. वायल, वासुदेवी, लेकगडा र भूमिराजमाण्डौ बजार क्षेत्रमा फोहरमैला व्यवस्थापनका लागि डस्टपिनको व्यवस्थापन गरिनेछ साथै ति स्थानहरुमा फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल साईडको स्थापना गर्न आवश्यक जग्गा प्राप्ति गर्न पहल गरिनेछ ।

विपद् व्यवस्थापनः

१२. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्यूनिकरण सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।

१३. विपद् व्यवस्थापन तथा राहात कोषको रकम वृद्वी गरिनेछ ।

१४. विपदबाट हुने घटनाहरुमा उद्वार कार्य गर्न,क्षतिको संकलन गर्न, राहात वितरण र पूनः स्थापनका लागि गाउँपालिका स्तरिय तथा वडा स्तरिय एक्र दुर्त उद्वार समिति (Rapid Rescue Team) गठन गरिनेछ ।

१५. प्राकृतिक तथा मानव सृजित विपत तथा जोखिमहरुबाट मानव समुदायमा पर्ने प्रभावहरुलाई न्यूनकरण गर्न विपत व्यवस्थापन कोषलाई थप प्रभावकारी बनाई कोषको परिचालन गर्ने निति लिईनेछ ।

१६. विपद् पूर्व तयारी खोज तथा उद्वार राहत सामाग्रीको पूर्व भण्डारण, वितरण र समन्वय गरिनेछ ।

१७. विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरुको परिचालन र स्थानान्तरण गरिनेछ ।

१८. विपतका असरहरुलाई न्यूनिकरण गरी राहत, उद्वार र पुनस्थापनाका कार्यहरुलाई प्रभावकारी बनाउन नागरिक समाज, नीजि क्षेत्र, गैर सरकारी समुदाय तथा अन्य निकाय सँग आवश्यक समन्वय गरिनेछ ।

१९. विपतमा परेका नागरिकहरुको लगत संकलन गरी सम्बन्धीत निकायमा पठाउने र गाउँपालिकाको विपत सँग सम्बन्धीत सेवा सुविधा सँग जोड्ने नीति अवलम्बन गरिनेछ ।

वित्तीय व्यवस्थापन सुशासनः

२०. सार्वजनिक पद धारण गरेका व्यक्तिहरुबाट अधिकतम मितव्ययिताका साथ कार्यसम्पादन गरिनेछ ।

२१. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत, स्टेशनरी खर्च, भत्ता, तालिम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च जस्ता चालू प्रकृतिका प्रशासनिक खर्चमा कटौती गर्दै पूजिगत खर्चमा बढोत्तरी गर्ने नीति लिईनेछ । साथै आगामी आर्थिक वर्ष २०८०/०८१ मा गाउँपालिका र वडा कार्यालयबाट खरिद गरिने मसलन्द तथा कार्यालय सामग्रि, औषधी लगायतका खरिदमा ई -बिड खरिद प्रणालिको अवलम्बन गरिने छ ।

२२. आगामी आर्थिक वर्ष देखि संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने समपुरक तथा बिशेष अनुदान र सशर्त अनुदानको पुँजिगत खर्च शिर्षकमा प्राप्त रकमको भाद्र महिना सम्म ठेक्का प्रक्रिया प्रारम्भ गरिने नीति अवलम्बन गरिनेछ ।

वित्तीय अनुशासनः

२३.	आय आर्जन र व्यवसाय गर्ने चिकित्सक, इन्जिनियर, वकिल, सल्लाहकार, कलाकार, खेलाडी, विभिन्न शिक्षण संस्थामा प्राध्यापन गर्ने व्यक्तिहरु लगायत सबैलाई स्थायी लेखा नम्बर प्रदान गर्ने कार्यलाई निरन्तरता दिई करदातालाई करको दायरामा ल्याइनेछ।

२४.	करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवम् सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रमलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ। यस्तो शिक्षा, सूचना र सचेतना सम्बन्धी कार्यहरु आवश्यकता अनुसार नीजी, गैरसरकारी, उपभोक्ता हितकारी एवं पेशागत संघ संस्थाहरु समेतको सहभागिता र समन्वयमा सञ्चालन गरिनेछ।

२५.	करको बारेमा जानकारी दिन स्थानीय पाठ्यक्रममा नेपालको कर प्रणाली सम्बन्धी विषय समावेश गर्न आवश्यक समन्वय गरिनेछ।

सार्वजनिक सुनुवाई, सामाजिक परिक्षणः

२६.	के.आई.सिंह गाउँपालिकाको सुशासन नीति र सामाजिक जवाफदेहिताका औजारहरु (सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण) कार्यविधिहरुको पूर्ण पालना गरी गाउँपालिकालाई सुशासन र सूचना मैत्री गाउँपालिकाको रुपमा परिचित गराईनेछ।

२७.	सार्वजनिक सुनुवाई र समिक्षा कार्यक्रम संचालनका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ।

२८.	यस गाउँपालिकाबाट प्रवाह हुने सेवा सुविधाहरुको प्रगति तथ्यांक, त्रैमासिक,अर्धवार्षिक र वार्षिक प्रतिबेदनहरु गाउँपालिकाको वेभसाईटमा राखिने छ।

२९.	गाउँपालिकाबाट प्रबाह हुने सेवा प्रवाहलाई अझ बढी खुला पारदर्शि र जनमैत्री बनाउन आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गरि अझै प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ।

३०.	आगामी आर्थिक वर्षमा गाउँपालिका भित्रका सबै वडाहरुमा टोल विकास समिति गठन एवंम परिचालन गरिनेछ।

संस्थागत विकास तथा सेवा प्रवाहः

मानव संशाधन विकासः

१. एक आर्थिक वर्षमा कार्य विवरण अनुरुप तोकिएको समय र मापदण्ड अनुसार कार्य सम्पादन गरि गाउँपालिकाको विकासको लागि उत्कृष्ट कार्य गर्ने राष्ट्सेवक कर्मचारीहरुलाई उचित पुरस्कारको व्यवस्था गरिनेछ र त्यसको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

२. गाउँ कार्यपालिका र वडा कार्यालयहरुको दरबन्दी सरंचना संघीय सरकार र प्रादेशिक सरकारसँग संगठन र विकास (Organization and Management) सम्बन्धी आवश्यक समन्वय, परामर्श र साझेदारी गरी सोही अनुरुप पदपूर्ति, समायोजन, दरबन्दी सिर्जना लगायतका कार्यलाई तत्कालको लागि स्थगित गरिनेछ।

३. कर्मचारीको उच्च मनोबलका लागि कर्मचारी कल्याणकारी कोषको व्यवस्था गरि बजेट व्यवस्थापन गर्ने नीति लिईनेछ।

४. आन्तरिक तथा अन्तिम लेखा परिक्षणले औंल्याएका बेरुजुहरुलाई फछ्यौट गरि शुन्य बेरुजु को नीति अवलम्वन गरिनेछ ।
५. आगामी आ.व. देखि गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, विषयगत कार्यालयहरु, गैरसरकारी संघ संस्थाहरुमा सुशासन विकास इकाइ (Good Governance Development Unit) स्थापना गर्दै जाने नीति लिइनेछ ।
६. विद्युतीय 'शासन प्रणाली (e-governance system) मार्फत गाउँपालिकाको क्षेत्रका सबै सरकारी तथा गैरसरकारी कार्यालयहरुको काम कारबाहीहरुमा प्रभावकारिता ल्याउन कर्मचारीहरुको क्षमता विकास जस्ता कार्यक्रमहरु संचालनको कार्यलाई अवलम्बन गरिनेछ ।
७. सामाजिक आर्थिक उद्यमशिलताको विकास गर्दै युवा लक्षित सेवा, सुविधा र रोजगार लगायतका अवसरहरुमा वृद्धि गर्दै पलायन हुनबाट जोगाउन विभिन्न किसिमका क्षमता विकास तथा आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्न रोजगार सूचना केन्द्र स्थापना सम्बन्धमा आवश्यक कदम बढाइनेछ ।
८. डिजिटल नागरिक बडापत्रको निर्माण गरी बडापत्रमा सार्वजनिक निकायबाट प्रवाह गरिने सबै सेवाहरुको लागत, समय, प्रक्रिया, सम्बन्धित अधिकारी र गुनासो सुनुवाई गर्ने प्रक्रियालाई निरन्तर अद्यावधिक गरिनेछ ।

**सामाजिक विकास समितिः**

**शिक्षाः**

१. यस गाउँपालिका भित्र रहेको कृषि तर्फको पढाई हुने झिमे मालिका माध्यामिक विद्यालयमा अध्ययनरत विद्यार्थिहरुको मनोबल उच्च राख्न प्रविधिसँग विद्यार्थि कार्यक्रम अन्तर्गत सबै विद्यार्थीहरुलाई प्राविधिक शिक्षा पढन लाग्ने शुल्क मध्ये एकमुष्ट पढाई अवधीभर रु १७ हजार छात्रवृति कार्यक्रमलाई निरन्तरता दिईएको छ ।
२. विद्यार्थी सँग अध्यक्ष कार्यक्रमलाई निरन्तरता दिईएको छ ।
३. सामुदायिक विद्यालयमा कार्यरत प्र.अ. र लेखापालहरुलाइ लेखा व्यवस्थापन लगायत आवश्यक क्षमता विकास तालिम दिइ शैक्षिक गुणस्तर सुदृढ गर्ने निति अबलम्बन्ध गरिनेछ ।
४. सामाजिक, आर्थिक एवम राजनितिक रुपमा पछाडि परेको मगरबस्तीमा मगर भाषाको संरक्षण एवम सम्बर्दन गर्न उद्देश्यका साथ मगर (खाम) भाषा को विद्यालयमा पठनपाठनलाई निरन्तरता दिईनेछ ।
५. यस गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकलाइ गुरु दक्षिणा कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
६. विद्यालयलाई हरियाली, मनमोहक र शैक्षिक वातावरणयुक्त बनाईनेछ । त्यसका लागि **'एक पाठशाला एक बगैंचा'** कार्यक्रम विद्यालयमा संचालन गरिनेछ ।
७. विद्यार्थीलाई पढाईप्रति सृजनशिल बनाउनुपर्छ । त्यसका लागि विद्यालय र कक्षाकोठा आकर्षक, चिटिक्क र सफा हुन जरुरी छ । यस आर्थिक वर्षमा विद्यालयहरुलाई **'सृजनाको स्रोत कक्षाकोठा'** अभियान चलाइनेछ ।
८. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, गाउँ शिक्षा समितिको गठन गरेर शैक्षिक विकासका कार्यक्रमहरुको कार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
९. स्थानीय पाठ्यक्रम लाइ निरन्तरता दिइनेछ ।

१०.सामूदायिक विद्यालयका विद्यार्थिहरुलाई लक्षित गरि गाउँपालिका स्तरिय अतिरिक्त क्रियाकलाप संचालन गरिनेछ र त्यसको लागि आवश्यक बजेट विनियोजना गरिनेछ ।

११.बालविकास केन्द्रमा कार्यरत सहजकर्ताहरुलाइ आवश्यकताका आधारमा पुनरावलोकन गर्ने निति लिइनेछ

१२.पिलेकाँडामा अनाथ टुहुरा र अति विपन्न बालबालिकाहरुलाई पठनपाठनको व्यवस्था गरिनेछ र त्यसको लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

१३.माध्यमिक तह ९-१२ मा अध्ययन गरिरहेका विद्यार्थिहरुलाई लोकसेवा आयोग, शिक्षक सेवा आयोग तथा नेपाली सेना, नेपाल प्रहरी तथा अन्य सरकारी सेवामा प्रवेशको लागि पाठ्यक्रम लगायत अन्य बिबिध विषयमा अभिमुखिकरण गरिनेछ ।

१४. विद्यार्थिहरुको क्षमता विकास र बाह्य ज्ञान बढाउन पालिकास्तरिय शैक्षिक मेलाको आयोजना गरिनेछ ।

१५.विद्यालय शिक्षा लाई निरन्तरता दिन विपद पूर्व तयारी योजना अवलम्बन गरिनेछ ।

१६.गाउँपालिका क्षेत्रभित्र उच्च शिक्षा अध्ययन गर्ने संस्थाको विकास गरी उच्च शिक्षाको अवसर गाउँपालिका भित्रै प्रदान गरिनेछ ।

१७.माध्यमिक तह कक्षा ९ -१२ मा अध्ययन गरिरहेका छात्राहरुलाई गाउँपालिका, विद्यालय, सहकारी संस्था र नेपाल प्रहरीको सहकार्यमा **सेल्फ डिफेन्स** कार्यक्रम संचालन गरिनेछ ।

स्वास्थ्यः

१८.६८ वर्ष माथीका जेष्ठ नागरिक,पूर्ण अपाङ्गता भएका व्यक्ति र गर्भवती हुन नसकी स्वास्थ्य संस्थाबाट प्रेषण भएका महिलाहरुलाई नजिकको अस्पताल सम्म एम्बुलेन्स सेवा शुल्कमा दिईदै आएको छुटलाई निरन्तरता दिईएको छ । यसको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

१९.जनतामा गुणस्तरीय स्वास्थ्य सेवाहरुको प्रत्याभूत गर्न यस के.आई.सिंह गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने जनशक्ति व्यवस्थापन र परिचालनका लागि मानव संशाधन योजना तयार गरी कार्यान्वयन गर्न पहल गरिनेछ ।

२०.प्रत्येक वडामा रहेका स्वास्थ्य संस्थाहरुको स्तर वृद्धि गरिनेछ । त्यसका लागी आवश्यक बजेट विनियोजन गरिनेछ ।

२१.के.आई.सिंह गाउँपालिकामा स्वास्थ्य बिमा कार्यक्रमलाई उच्च प्राथमिकता दिइनेछ । राष्ट्रिय बिमा बोर्डबाट स्वास्थ्य बिमा कार्यक्रम सुरु भइसकेपछि स्वास्थ्य बिमाबाट बिमित नहुनेलाई गाउँपालिकाबाट कुनैपनि सहायता प्रदान गरिनेछैन ।

२२.के.आई.सिंह गाउँपालिकाको दुर्गामाण्डौ स्वास्थ्य चौकीमा डाक्टरबाट प्रदान गरिदै आएको चिकित्सकीय सेवालाई निरन्तरता दिईनेछ । त्यहाँ रहेको स्वास्थ्य प्रयोगशालालाई थप प्रभावकारी बनाईनेछ ।

२३.के.आई.सिंह गाउँपालिकाका जनताहरुलाई सहज र समान स्वास्थ्य सेवाको पहुँचको लागि चिकित्सकिय स्वास्थ्य घुम्ती शिविर सञ्चालन गरिनेछ । यसका लागि विषेशज्ञ सहितको चिकित्सकीय स्वास्थ्य सेवा संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

२४.के.आई.सिंह गाउँपालिका भित्रका सम्पूर्ण ५ वर्ष मुनिका बालबालिकाहरुले पाउनुपर्ने राष्ट्रिय खोप तालिका अनुसारको खोप पाएको सुनिश्चितता गरि पूर्ण खोपयुक्त गाउँपालिका दिगोपना तथा प्रमाणिकरण गरिने निति लिईने छ ।

२५.घरमा सुत्केरी हुने दरलाई शुन्य गर्दै संस्थागत सुत्केरी हुने दरलाई शत प्रतिशत पुर्याउने लक्ष लिईनेछ जसले गर्दा नवजात शिशु मृत्युदर र मातृ मृत्युदर घटाउन टेवा पुग्नेछ । त्यसका लागि महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।

२६.प्रजनन स्वास्थ्य सेवालाई थप गुणस्तरिय र पहुँचयोग्य बनाई सुरक्षित गर्भपतन सेवालाई प्रभावकारी बनाईने छ ।

२७.सामूदायिक विद्यालयका विद्यार्थिहरुको वर्षमा एक पटक स्वास्थ्य परीक्षण गरिनेछ । स्वास्थ्य परीक्षणकै क्रममा विद्यार्थीहरुलाई जुकाको औषधि खुवाईनेछ ।

२८.कुपोषणको लाग्ने दरलाई कम गरि क्रमश पूर्ण पोषणयुक्त वडा बनाई आगामी वर्षहरुमा गाउँपालिका लाई समेत पूर्ण पोषणयुक्त गाउँपालका घोषणा गर्ने निति लिईनेछ ।

२९.स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने निशुल्क औषधीहरु वर्षभरी अभाव हुन नदिने वातावरण बनाइनेछ ।

३०.गर्भवती महिलाहरुको स्वास्थ्य अवस्थामा ध्यान दिन ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम मासिक रुपमा प्रत्येक स्वास्थ्य संस्थाहरुबाट घुम्ती सेवा मार्फत संचालनका लागि व्यवस्था गरिनेछ ।

३१.जेष्ठ नागरिकहरुको नियमित स्वास्थ्य जाँच गर्न प्रत्येक वडाहरुमा घुम्ति स्वास्थ्य सेवा सन्चालन गरिनेछ ।

आयुर्वेदः

३२.यस गाउँपालिकामा स्थापना भएको नागरिक आरोग्य सेवा केन्द्रलाई थप प्रभावकारी एवंम सुदृढ बनाउँदै लगिनेछ ।

३३.माध्यमिक विद्यालयहरुमा योगा अभ्यास कार्यक्रम संचालन गरिनेछ ।

३४.आयुर्वेदिक सेवालाई प्रभावकारी बनाउन गाउँघरका बुद्धिजिवि, बैद्य, वन तथा वातावरण सँग सम्बन्धित विज्ञ व्यक्तिहरु सँग समन्वय र छलफल गर्ने नीति अवलम्बन गरिनेछ ।

संस्कृति प्रवर्द्धनः

३५.के.आई.सिंह संग्रहालयमा प्रदर्शनका लागि राखिने साँस्कृतिक,ऐतिहासिक महत्वका कला संस्कृतिहरुको खोज,अनुसन्धानका लागि खोज,अध्ययन तथा संकलन समिति गठन गरिनेछ । खोज,अध्ययन तथा संकलनका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

३६.के.आई.सिंह गाउँपालिकाको साँस्कृतिक रहनसहन, परम्परा, भेषभुषा तथा विशिष्टताहरुलाई संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम तर्जूमा गरिनेछ ।

३७.के.आई.सिंह गाउँपालिकाले बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक र बहुआयामिक विशेषताहरुको संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा जोड दिइनेछ ।

महिला बालबालिका तथा सामाजिक समावेशीकरणः

३८.महिला, युवा, अपाङ्ग तथा बाल अधिकारको सुनिश्चिताका लागि सरकारी, गैरसरकारी र निजी क्षेत्रका सबै सरोकारवालासँग सहकार्य गरिनेछ ।

३९.महिला विरुद्धका सबै किसिमका हिंसा र विभेदलाई प्रभावकारी ढंगबाट अन्त्य गर्नका लागि लक्षित कार्यक्रम सन्चालन गरिनेछ ।

के.आई.सिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बायल, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

४०.महिलाहरुको क्षमता विकास र अधिकारहरु सुनिश्चितताका लागि **महिलासँग उपाध्यक्ष** कार्यक्रमलाइ निरन्तरता दिइएको छ।

४१.लक्षित वर्गहरुको क्षमता विकासको लागि आवश्यक कार्यक्रम तथा योजना बनाई कार्यान्वयन गरिनेछ।

४२.आपतकालिन महिला र बालबालिका उद्धार कोषको स्थापना गरिनेछ।

४३.मानसिक तथा प्रजननसँग सम्बन्धित शारिरिक रोग भएका महिलाहरुको उपचारमा सहुलियत दिने निति अबलम्बन गरिनेछ।

४४.५५ वर्ष माथिका पत्नी गुमाएका सामाजिक सुरक्षा भत्ता नपाउने पुरुषहरुलाई जिवन निर्वाह भत्ता वापत दिईदै आएको मासिक रु ५०० लाई बढाएर मासिक रु १००० प्रदान गरिनेछ।

४५.आमा र बुवा दुबै गुमाएका १६ वर्ष मुनिका बेसाहारा तथा टुहुरा बालबालिकाहरुलाई आधारभूत आश्यकताहरुको परिपूर्तिका लागि प्रदान गरिदै आएको मासिक रु १००० जिवन निर्वाह भत्तालाई निरन्तरता दिईएकोछ।

४६.सामाजिक विकृतिमा रहेको छोराछोरी विचको विभेद, छाउपडि प्रथा, सुत्केरी अवस्थामा हुने दुर्व्यवहार जस्ता रुढीवादी परम्परा न्युनिकरणका लागि जनचेतनामुलक कार्यक्रम सन्चालन गरिनेछ।

४७.विभिन्न लक्षित वर्गहरुलाई क्षमता विकासको लागि लैङ्गिक उत्तरदायी बजेटको तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

४८.महिला तथा बालबालिकामाथि हुने विभिन्न प्रकारको घरेलु हिंसाको निवारण गरिनेछ। बालश्रम शोषण, बहुविवाह र बालबिवाहलाई पूर्ण रुपमा निरुत्साहित गर्दै साविकमा सञ्चालित बालमैत्री सुशासनको अवधारणालाई कार्यान्वयन गर्ने कार्यलाई थप कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गरिनेछ।

४९.महिला तथा बालबालिकाको लागि आर्थिक, सामाजिक लगायत अन्य शसक्तिकरण र क्षमता विकासका कामहरु गरिनेछ।

५०.अपाङ्गता तथा फरक क्षमता भएका व्यक्तिहरुलाई लक्षित गरी सार्वजनिक सरोकार रहने भौतिक संरचनाहरुको निर्माण गर्दा अपाङ्गमैत्री संरचना निर्माणका लागि गाउँपालिकाबाट आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्यवन गरिनेछ।

५१.श्रमिकहरुको हक अधिकार सुनिश्चित गर्न गाउँपालिका भित्र श्रमिक समूहहरु गठन गरिनेछ।

५२.वडा तथा पालिका स्तरमा बाल क्लब,बालसंरक्षण समिति,महिला संजाल गठन गरी परिचालन गरिनेछ।

५३.महिलाहरुको कार्यबोझ कम गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

**सरकारी तथा गैरसरकारी संघ संस्था सम्वन्धी नीतिः**

५४.एकद्वार प्रणाली मार्फत गैरसरकारी संस्थाहरुलाई यस गाउँपालिका क्षेत्रमा आफ्नो कार्यक्षेत्र बनाएका गैरसरकारी संघसंस्थाहरुलाई कार्यक्रम सञ्चालन गर्न उक्त संघसंस्थाहरुको कार्यक्रम, बजेट, समय तालिका, कार्यक्रमको औचित्य, प्रभाव, अवसर, लाभान्वित क्षेत्र समेतको विश्लेषण र मूल्याङ्कन गरेर मात्र राय सहित स्वीकृति दिईनेछ साथै गाउँ कार्यपालिकाको कार्यालयले प्रस्तावित कार्यक्रमको क्षेत्र परिवर्तन गर्न सक्नेछ र कार्यपालिकाको कार्यालयमा एक गैरसरकारी संघसंस्था अनुगमन ईकाई गठन गरी अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ।

५५.के.आई.सिंह गाउँपालिका क्षेत्रमा रहेका सरकारी निकायहरुको अनुगमन, नियमन र समन्वय कार्यलाई प्रभावकारी बनाइनेछ।

के.आई.सिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बायल, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**खेलकूद तथा मनोरञ्जनः**

५६. गाउँपालिका स्तरको एक आधुनिक के.आई.सिंह खेलमैदान निर्माणका लागी सुदुरपश्चिम प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय गरी आवश्यक बजेटको व्यवस्थापन गर्न अनुरोध गरिनेछ ।

५७. के.आई.सिंह गाउँपालिकाबाट विभिन्न क्षेत्रका खेलकूद विकास गर्नका लागी वार्षिक रुपमा के.आई.सिंह गेम्स (K.I. Singh Games) को आयोजना गरिनेछ । के.आई.सिंह गेम्स आयोजना गर्न उद्यमी, व्यवसायी, संघसंस्थाहरु, आयोजक, सह-आयोजक, प्रायोजकहरुसँग समन्वय गरिनेछ ।

५८. गाउँपालिकास्तरिय अध्यक्ष कप भलिवल प्रतियोगितालाई निरन्तरता दिईनेछ ।

५९. मनोरञ्जनको क्षेत्रहरुलाई व्यवस्थित गर्न कार्यविधि तय गरिनेछ ।

अन्तमा, के.आई.सिहं गाउँपालिकाको आर्थिक,सामाजिक,साँस्कृतिक लगायतका विकासमा निरन्तर सहयोग पुर्याउने नेपाल सरकार,सुदुरपश्चिम प्रदेश सरकार, सबै करदाता र राष्ट्रिय अन्तराष्ट्रिय विकास साझेदारहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । साथै यो नीति तथा कार्यक्रम तर्जुमामा मार्ग निर्देशन गर्नुहुने गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु,प्रमुख प्रशासकीय अधिकृत,यस गाउँपालिकाका विषयगत शाखाका प्रमुखहरु तथा सम्रग कर्मचारीहरु,विभिन्न राजनैतिक दलका प्रमुख एवम प्रतिनिधिहरु एवंम सम्पूर्ण सरोकारबालाहरुले दिनु भएको सुझावलाई पनि स्मरण गर्ने प्रयास गरेको छु । नीति तथा कार्यक्रम र बजेट छलफलका क्रममा आ-आफ्नो तर्फबाट सहयोग पुर्याउने गाउँपालिकाका सम्पूर्ण जननिर्वाचित पदाधिकारीहरु,शिक्षक,समाजसेवी,बुद्धिजिवी,पत्रकार,राजनीतिक दलका प्रमुख एवंम प्रनितिधिहरु,यस गाउँपालिकामा अहोरात्र खटिई गाउँ सभालाई सफल पार्नुहुने कर्मचारीहरु अर्थविद मित्रहरु,सुरक्षा निकायका कर्मचारीहरु र यस गाउँपालिकामा रहनु भएका सम्पूर्ण आमाबुबा,दाजुभाई तथा दिदिबहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहनेछ भन्ने पूर्ण अपेक्षा लिएको छु ।